<u>मष्टा गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक</u>

**प्रस्तावनाः** मष्टा गाउँपालिकाको आर्थिक वर्ष २०७६।०७७ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्यवन गर्नको निमित्त स्थानिय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम मष्टा गाउँसभाले यो ऐन बनाएको छ।

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यस ऐनको नाम "आर्थिक ऐन, २०७६" रहेको छ ।

(२) यो ऐन २०७६ श्रावण १ गतेदेखि मष्टा गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।

२. <u>एकीकृत सम्पत्ति करः</u> गाउँपालिका क्षेत्रभित्र अनुसूची (१) बमोजिम एकिकृत सम्पत्ति कर लगाइने र असुल उपर गरिनेछ ।

३. <u>घर वहाल करः</u> गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले वहालमा दिएकोमा अनुसूची (२) बमोजिम घर जग्गा बहाल कर लगाइने र असुल उपर गरिनेछ ।

४. <u>व्यवसाय करः</u> गाउँपालिका क्षेत्रभित्र व्यापार व्यवसाय वा सेवामा पूँजिगत लगानी र आर्थिक कारोबारका आधारमा अनुसूची (३) बमोजिम कर लगाइने र असुल उपर गरिनेछ ।

५. <u>जडीबुटी, कवाडी र जीवजन्तु करः</u> गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडीबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरेको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता वस्तुको व्यवसायिक करोबार गरे बापत अनुसूची (४) बमोजिम कर लगाइने र असुल उपर गरिनेछ ।

६. <u>विज्ञापन करः</u> गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची (५) बमोजिम विज्ञापन कर लगाइने र असुल उपर गरिनेछ ।

७. <u>मनोरन्जन करः</u> गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन अनुसूची (६) बमोजिम विज्ञापन कर लगाइने र असुल उपर गरिनेछ ।

८. <u>वहाल विटौरी शुल्कः</u> गाउँपालिका क्षेत्रभित्र सञ्चालन गरेका अनुसूची (७) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोहि अनुसूचीमा भएको व्यवस्था बमोजिम वहाल विटौरी शुल्क लगाइने र असुल उपर गरिनेछ ।

९. <u>पार्किङ्ग शुल्कः</u> गाउँपालिका क्षेत्रभित्र हुने कुनै सवारी साधनलाई पार्किङ्ग सेवा उपलब्ध गराई बापत अनुसूची (८) बमोजिम पार्किङ्ग शुल्क लगाइने र असुल उपर गरिनेछ ।

१०. <u>ट्रेकिङ, बन्जी जम्पिङ्ग, रयाफ्टिङ्ग शुल्कः</u> गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ, बन्जी जम्पिङ्ग, रयाफ्टिङ्ग सेवामा अनुसूची (९) बमोजिम शुल्क लगाइने र असुल उपर गरिनेछ।

११. <u>सेवा शुल्क, दस्तुरः</u> गाउँपालिकाले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेका अनुसूची (१०) मा उल्लिखित स्थानिय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोहि अनुसूचीमा व्यवस्था भए बमोजिम शुल्क लगाइने र असुल उपर गरिनेछ ।

१२. <u>पर्यटन शुल्कः</u> गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुबाट अनुसूची (११) मा उल्लिखित दरमा पर्यटन शुल्क लगाइने र असुल उपर गरिनेछ ।

१३. <u>कर छुटः</u> यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिइने छैन ।

१४. <u>कर तथा संकलन सम्बन्धी कार्यविधिः</u> यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि गाउँपालिकाले तोके बमोजिम हुनेछ ।

अनुसूची -१

(दफा २ सँग सम्बन्धीत)

गाउँपालिकाले लगाउने एकीकृत सम्पत्ति कर

| सि.नं. | कर योग्य एकीकृत सम्पत्तिको मूल्य | वार्षिक दर (प्रति लाख रु.) |
|---|---|---|
| १ | ५० लाख सम्म | १०।– |
| २ | ५० लाख देखि १ करोड सम्म | २०।– |
| ३ | १ करोड देखि २ करोड सम्म | ३०।– |
| ४ | २ करोड देखि ५ करोड सम्म | ४०।– |
| ५ | ५ करोड देखि माथि | ५०।– |

अनुसूची -२

(दफा ३ सँग सम्बन्धीत)

गाउँपालिकाले लगाउने घर वहाल कर

| सि.नं. | विवरण | करको दर |
|---|---|---|
| १ | भवन, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले वहालमा दिएको | वहाल रकमको १० प्रतिशत |

अनुसूची -३

(दफा ४ सँग सम्बन्धीत)

गाउँपालिकाले लगाउने व्यवसाय कर (प्रति वर्ष)

| | | |
|---|---|---|
| | **१) व्यापारिक वस्तु** | |
| | **१.१) सूर्तीजन्य, ज्वेलेरी, भिडियो, क्यासेट रिकर्डर प्लेयरको इलेक्ट्रोनिक व्यापारमा** | |
| | क) खुद्रा व्यापारमा | ७५०।– |
| | क) थोक व्यापारमा | ४०००।– |
| | **१.२) होटल व्यवसाय** | |
| | क) साना चिया होटल | ५००।– |
| | ख) मझौला होटल | ७५०।– |
| | ग) ठूला होटल | १५००।– |
| | **१.३) मदिरा व्यवसाय** | |

| | | |
|---|---|---|
| | क) खुद्रा व्यापारमा | १०००।– |
| | क) थोक व्यापारमा | ५०००।– |
| | **१.४) कम्प्युटर विधुतिय सामान टेलिभिजन रेडियो मोबाइल कार्पेट पेट्रोलियम पदार्थ जस्ता वस्तुको व्यापारमा** | |
| | क) खुद्रा व्यापारमा | ७५०।– |
| | क) थोक व्यापारमा | ३०००।– |
| | **१.५) भाँडा पसल** | ७५०।– |
| | **१.६) हार्डवेयर/निर्माण सामग्री पसल** | १५००।– |
| | **१.७) कुटानी पिसानी मिल** | १५००।– |
| | **१.७.१) पानी घट्ट** | |
| | १.७.२) तीन महिना चल्ने पानीघट्ट (३ महिनाको जम्मा) | १५०।– |
| | १.७.३) ६ महिना चल्ने पानीघट्ट (६ महिनाको जम्मा) | ३००।– |
| | १.७.४) बाह्र महिना चल्ने पानीघट्ट (१२ महिनाको जम्मा) | ६००।– |
| | **१.८) दैनिक उपभोग्य वस्तु, सुति कपडा, फेन्सी स्टोर आदिको व्यापारमा** | |
| | क) खुद्रा व्यापारमा | १०००।– |
| | ख) थोक व्यापारमा | २०००।– |
| | **१.९) सवारी साधान विक्रेता** | |
| | क) खुद्रा व्यापारमा | १०००।– |
| | ख) थोक व्यापारमा | २०००।– |
| | **१.९) फुटपाथ व्यापारी प्रतिमहिना** | २००।– |
| | **१.९) घुमन्ते व्यापारी प्रतिमहिना** | ५००।– |
| | **१.९) घुमन्ते थोक व्यापारी प्रतिमहिना** | १०००।– |
| | **१.९) सामान ढुवानीकर्ता कम्पनी प्रति वर्ष** | १५००।– |

| | | |
|---|---|---|
| | **२) विशेषज्ञ परामर्श तथा अन्य व्यवसायिक कर प्रति वर्ष** | |
| | २.१) चिकित्सक | १०००।– |
| | २.२) कविराज | ५००।– |
| | २.३) इन्जिनियर | १०००।– |
| | २.४) कानून व्यवसायी | १०००।– |
| | **२.५) लेखा परिक्षण** | |
| | "क" श्रेणी | १५००।– |
| | "ख" श्रेणी | १०००।– |
| | "ग" श्रेणी | ५००।– |
| | २.६) दन्त चिकित्सक | ७५०।– |
| | २.७) मेडिकल फार्मेसी एग्रोभेट | ७५०।– |
| | २.८) बिमा एजेन्ट | ५००।– |
| | २.९) अनुसन्धानकर्ता तथा परामर्शदाता | ५००।– |
| | २.१०) कम्प्युटर एनालिस्ट तथा प्रोग्रामर | ५००।– |

| | | |
|---|---|---|
| | **३) उत्पादनमूलक उद्योग** | |
| | केरा मल, अर्ध प्रशोधित मल, खेर गैर रहेको माल सामान वा अन्य सामान प्रयोग वा प्रशोधन गरि मल सामान उत्पादन गर्ने उद्योग व्यवसायलाई प्रति वर्ष | २०००।– |

| | | |
|---|---|---|
| | **४) उर्जामूलक** | |
| | जलश्रोत, वायु, सौर्यशक्ति, प्राकृतिक तेल, ग्याँस/वायोग्याँस तथा अन्य श्रोतबाट उर्जा पैदा गर्ने उद्योग व्यवसाय प्रति वर्ष | २०००।– |

| | | |
|---|---|---|
| | **५) कृषि, पशु तथा वनपैदावारजन्य उद्योग प्रति वर्ष** | |
| | क) कृषि तर्फ - तरकारी, नर्सरी अन्य फलफूल | २०००।– |
| | ख) पशु तर्फ | २०००।– |
| | ग) वन तर्फ | २५००।– |

| | | |
|---|---|---|
| | **६) खनिज उद्योग** | |
| | खनिज पदार्थ उत्खनन तथा प्रशोधन | १५००।– |

| | | |
|---|---|---|
| | **७) पर्यटन उद्योग** | |
| | पर्यटक आवास, होटेल रिसौंट, ट्राभल एजेन्सी, स्कीङ्ग, ग्याइडिङ्ग, वाटर पोनी ट्रेकिङ्ग, पदयात्रा, हट, एयर बलुनिङ्ग, प्यारा सेलिङ्ग, गल्फ कोर्ष पोलो, आदि उद्योग व्यवसायमा प्रति वर्ष | २०००।– |

| | | |
|---|---|---|
| | **८) सेवा उद्योग** | |
| | छापाखाना, परामर्श सेवा, चलचित्र व्यवसाय, सार्वजनिक परिवहन व्यवसाय, फोटोग्राफि, भिडियो प्रयोगशाला, केबुलकार सेवा, शीतभण्डार आदि उद्योग व्यवसाय प्रतिवर्ष | २०००।– |

| | | |
|---|---|---|
| | **९) निर्माण उद्योग** | |
| | "क" वर्ग प्रतिवर्ष | ५०००।– |
| | "ख" वर्ग प्रतिवर्ष | ४०००।– |
| | "ग" वर्ग प्रतिवर्ष | ३०००।– |
| | "घ" वर्ग प्रतिवर्ष | २०००।– |
| | सडक, पुल, रोपवे, ट्रलिबस, टनेल, फ्याइङ्ग, ब्रिज तथा व्यापारिक एवं आवास कम्प्लेक्सन आदि निर्माण गरि सञ्चालन गर्ने उद्योग व्यवसायमा प्रति वर्ष | ५०००।– |
| | घ वर्गको निर्माण व्यवसाय दर्ता | ५०००।- |
| | घ वर्गको निर्माण व्यवसाय नविकरण | १०००।- |

| | | |
|---|---|---|
| | **१०) सञ्चार सेवा** | |
| | क) निजी क्षेत्रको हुलाक सेवा | ७५०।– |
| | ख) निजी क्षेत्रको टेलिफोन फ्याक्स फोटोकपी मोबाइल फोन इमेल इन्टरनेट रडियो पेजिङ्ग आदिमा | ७५०।– |
| | ग) कुरियर सेवा | ७५०।– |
| | घ) छपाई तथा प्रकाशन | १०००।– |
| | ङ) स्टेशनरी/पुस्तकालय | ७५०।– |
| | च) एफ.एम रेडियो | २५००।– |

| | | |
|---|---|---|
| | **११) वित्तिय सेवा** | |
| | **११.१) नेपाल सरकारको पूर्ण स्वामित्वमा रहेको बाहेक कारोबार गर्ने वाणिज्य बैंक** | |
| | "क" वर्ग  बैंक प्रतिवर्ष | ५०००।– |
| | "ख" वर्ग  बैंक प्रतिवर्ष | ४०००।– |
| | "ग" वर्ग वित्तिय संस्थाहरु प्रतिवर्ष | ३०००।– |
| | "घ" वर्ग लघुवित्त तथा सहकारी संस्थाहरु प्रतिवर्ष | २०००।– |
| | **११.२) आर्थिक कारोबार समेत गर्ने वित्तिय कम्पनी प्रति वर्ष** | ५०००।– |
| | **११.३) वित्तिय कम्पनी शाखा कार्यालय** | २०००।– |
| | **११.४) वित्तिय कम्पनी प्रतिवर्ष** | ५०००।– |
| | **११.५) विदेशी मुद्रा सटही प्रतिवर्ष** | १०००।– |
| | **११.६) मनि ट्रान्सफर सेवा प्रतिवर्ष** | १५००।– |

| | | |
|---|---|---|
| | **१२) स्वास्थ्य सेवा (प्रतिवर्ष)** | |
| | क) गैर सरकारी अस्पताल | २०००।– |
| | ख) नर्सिङ्ग होम | ३०००।– |
| | ग) क्लीनिक ल्याब | १५००।– |
| | घ) मेडिकल | १०००।– |

| | | |
|---|---|---|
| | **१३) शिक्षा सेवा** | |
| | **१३.१) निजी क्षेत्रका स्कूल, क्याम्पस** | |
| | क) प्रा.वि. स्तर | ७५०।– |
| | ख) नि.मा.वि. स्तर | १०००।– |
| | ग) मा.वि. स्तर | १५००।– |
| | घ) क्याम्पस स्तर | २५००।– |
| | **१३.२) तालिम तथा अध्ययन अनुसन्धान केन्द्र** | १०००।– |
| | **१३.३) टाइपिङ्ग कम्प्युटर प्रशिक्षण तथा भाषा प्रशिक्षण संस्था** | २०००।– |
| | **१३.४) अन्तराष्ट्रिय गैर सरकारी संस्था** | २५००।– |
| | **१३.५) राष्ट्रिय गैर सरकारी संस्था** | १५००।– |
| | **१३.६) ट्युसन तथा कोचिङ्ग सेन्टर** | १०००।– |

| | | |
|---|---|---|
| | **१४) मर्मत सम्भार सेवा (प्रतिवर्ष)** | |
| | क) हेभी इक्वीपमेन्ट, बस, ट्रक, कार, मोटरसाइकल, मर्मत कारखाना | १५००।– |
| | ख) रेडियो, टि.भी., घडी, प्रेसरकुकर, हिटर, टेलिफोन, सेट, विद्धुतिय सामान मर्मत केन्द्र | ७५०।– |

| | | |
|---|---|---|
| | **१५) अन्य सेवा (प्रतिवर्ष)** | |
| | क) विज्ञापन सेवा | १०००।– |
| | ख) वैदेशिक रोजगार सेवा | २०००।– |
| | ग) स्वदेशी रोजगार सेवा | १०००।– |
| | घ) सेक्रेटरीयल सेवा | १०००।– |
| | ङ) हाउजिङ्ग कम्पनी तथा जग्गा खरिद बिक्री | २५००।– |
| | च) ब्युटी पार्लर केश श्रृङ्गार ड्राइ क्लिनर | ७५०।– |
| | छ) पशु बधशाला | १०००।– |
| | ज) मासु विक्रता | ७५०।– |
| | झ) पुल हाउस | १०००।– |
| | ञ) खोटो  व्यवसायी कम्पनी फर्म | २५००।– |
| | ट) सिसा प्याइउड बिक्रता | १०००।– |
| | ठ) स्टिल दराज काठ फर्निचर बिक्रता | १५००।– |
| | ड) केबल नेटबक्रिङ्ग डि.टि.एच. सेवा | २५००।– |
| | ढ) पार्क पिकनिक स्पट | ७५०।– |
| | ण) सिलाइ कटाइ पसल | ७५०।– |
| | त) ग्याँस डिलर | १०००।– |
| | थ) ग्रील उद्योग | १५००।– |
| | द) सोलार पसल | १०००।– |
| | ध) आयल स्टोर | २०००।– |
| | न) गिट्टी, ढुङ्गा, बालुवा उद्योग | २५००।– |

अनुसूची -४

(दफा ५ सँग सम्बन्धीत)

गाउँपालिकाले लगाउने जडीबुटी, कवाडी र जीवजन्तु कर

| सि.नं. | करको प्रकार | करको दर |
|---|---|---|
| १ | पाषणवेद प्रति क्विन्टल | १००।– |
| २ | चिराइतो प्रति क्विन्टल | ५०।– |
| ३ | बोजो प्रति क्विन्टल | १००।– |
| ४ | कटुकि प्रति क्विन्टल | २००।– |
| ५ | सतुवा प्रति क्विन्टल | ५००।– |
| ६ | घुचि च्याउ, पन्ने च्याउ, अन्य च्याउ जाति प्रति के.जि. | १०।– |
| ७ | गदाल्नो प्रति के.जि. | १०।– |
| ८ | लोक्ता, अल्लो प्रति क्विन्टल | १५०।– |
| ९ | रिठो प्रति क्विन्टल | १५०।– |
| १० | सुनाखरी प्रति के.जि. | १०।– |
| ११ | स्याउ, सुन्तला, ओखर, आरु, केरा आदि प्रति क्विन्टल | १००।– |
| १२ | कोदो, मकै, फापर, जौ, लोकल चामल प्रति क्विन्टल | १००।– |
| १३ | दाजजन्य गेडागुडि | १००।– |
| १४ | कवाडिजन्य सामान प्रति टेक्टर | ५०।– |
| १५ | भेडा, बाखा, खसि, बोका (प्रति गोटा) | १००।– |
| १६ | भैसि, राँगा (प्रति गोटा)<br>गाई, गोरु (प्रति गोटा) | २००।–<br>१५०।– |
| १७ | खच्चर(प्रति गोटा सामान ढुवानी वार्षिक) | १००।– |
| १८ | जनावरको हाडखोर प्वाँख छाला नङ्ग्रा सिंङ रौं आदि | ५००।– |
| १९ | सल्लाको रुखबाट खोटो संकलन कार्य प्रति रुख (प्रति पटक) | २।– |
| २० | स्थानीय स्तरमा संकलित यार्सागुम्बा निकासी कर प्रति तोला | २०।- |
| २१ | अन्य ठाउँबाट संकलित यार्सागुम्बा निकासी कर प्रति तोला | ५०।- |
| २२ | वन लसुन निकासी प्रति के.जी. | ५००।- |

## रुख कटानको कर

| सि.नं. | करको प्रकार | करको दर |
|---|---|---|
| १ | १ वटा रुख देखि १० वटा रुख सम्म (प्रति रुख) | ५०।– |
| २ | ११ वटा रुख देखि ३० वटा रुख सम्म (प्रति रुख) | ७५।– |
| ३ | ३१ वटा रुख देखि ५० वटा रुख सम्म (प्रति रुख) | १००।– |
| ४ | ५१ वटा रुख देखि १०० वटा रुख सम्म (प्रति रुख) | १५०।– |
| ५ | १०१ वटा रुख देखि ५०० वटा रुख सम्म (प्रति रुख) | २००।– |
| ६ | ५०१ वटा रुख देखि १००० वटा रुख सम्म (प्रति रुख) | २५०।– |
| ७ | १००० वटा रुख भन्दा माथि (प्रति रुख) | ३००।– |

अनुसूची -५

(दफा ६ सँग सम्बन्धीत)

गाउँपालिकाले लगाउने विज्ञापन कर

| सि.नं. | विज्ञापनको प्रकार | करको दर |
|---|---|---|
| १ | गाडीमा सामान वोकी विज्ञापनगर्ने (प्रतिपटक) | १००।– |
| २ | स्टल राखी विज्ञापन गर्ने (प्रति दिन) | १००।– |
| ३ | कन्सर्ट (प्रतिपटक) | १००।– |
| ४ | तुलव्यानर राखी विज्ञापन (प्रतिपटक) | ५०।– |
| ५ | होडिङ्ग बोर्ड राखि विज्ञापन गर्ने | ५००।– |
| ६ | सञ्चार सम्बन्धित टावर | ६०००।– |

अनुसूची -६

(दफा ७ सँग सम्बन्धीत)

गाउँपालिकाले लगाउने मनोरन्जन कर

| सि.नं. | मनोरन्जनको प्रकार | करको दर |
|---|---|---|
| १ | सिनेमा घर | ५००।– |
| २ | भिडियो देखाउने | २००।– |
| ३ | गीत सङगित पाठशाला | २००।– |
| ४ | जादुगर, सर्कश | २००।– |

अनुसूची -७

(दफा ८ सँग सम्बन्धीत)

गाउँपालिकाले लगाउने वहाल विटौरी शुल्क

| सि.नं. | पसलको प्रकार | करको दर (प्रति दिन) |
|---|---|---|
| १ | कृषि तथा पशुजन्य (खाद्य पदार्थ) | २०।– |
| २ | कपडाजन्य | ५०।– |

अनुसूची -८

(दफा ९ सँग सम्बन्धीत)

गाउँपालिकाले लगाउने पार्किङ्ग शुल्क

| सि.नं. | सवारी साधनको प्रकार | पार्किङ्ग शुल्कको दर |
|---|---|---|
| १ | मोटर साइकल | १०।– |
| २ | कार, जिप | २०।– |
| ३ | टेक्टर | ३०।– |
| ४ | बस, ट्रक | ४०।– |

अनुसूची -९

(दफा १० सँग सम्बन्धीत)

गाउँपालिकाले लगाउने ट्रेकिङ, बन्जी जम्पिङ्ग, रयाफ्टिङ्ग शुल्क

| सि.नं. | ट्रेकिङ, बन्जी जम्पिङ्ग, रयाफ्टिङ्ग शुल्कको प्रकार | शुल्कको दर |
|---|---|---|
| १ | ट्रेकिङ (आन्तरिक पर्यटक)<br>ट्रेकिङ (बाह्य पर्यटक) | १००।–<br>१०००।– |
| २ | बन्जी जम्पिङ्ग (आन्तरिक पर्यटक)<br>बन्जी जम्पिङ्ग (बाह्य पर्यटक) | ५००।–<br>१५००।– |
| ३ | रयाफ्टिङ्ग (आन्तरिक पर्यटक)<br>रयाफ्टिङ्ग (बाह्य पर्यटक) | २५०।–<br>१०००।– |

अनुसूची -१०

(दफा ११ सँग सम्बन्धीत)

गाउँपालिकाले लगाउने सेवा शुल्क, दस्तुर

| | | |
|---|---|---|
| | **सिफारिस तथा अन्य सेवा शुल्क** | |
| | क) साधारण व्यक्तिगत सिफारिस दस्तुर | १००।– |
| | ख) समूह वा संस्थागत सिफारिस दस्तुर | ५००।– |
| | ग) घर बाटो प्रमाणित | ५००।– |
| | घ) जग्गा सम्बन्धी अंशवण्डा नामसारी सिफारिस | ५००।– |
| | ङ) मुचुल्का प्रमाणित | ५००।– |
| | **च) पञ्चिकरण** | |
| | जन्मदर्ता | १००।– |
| | मृत्युदर्ता | १००।– |
| | विवाह दर्ता | १००।– |
| | बसाइसराई दर्ता | १००।– |
| | सम्बन्ध विच्छेद | ५००।– |
| | छ) नाता प्रमाणित | २००।– |
| | ज) नागरिकता सिफारिस | १००।– |
| | झ) नाबालक परिचयपत्र सिफारिस | १००।– |
| | ञ) कृषि सिफारिस | २५०।– |
| | ट) समूह दर्ता | ५००।– |
| | ठ) ठेक्का पट्टा सिफारिस | ५०००।– |
| | ड) मदिरा व्यवसाय सञ्चालन सिफारिस | २५०००।– |
| | **ढ) वैदेशिक प्रयोजनको लागि** | |
| | नाता प्रमाणित | ३००।– |
| | कर चुक्ता सिफारिस | ५००।– |
| | आम्दानी प्रमाणित जम्मा हुन आउने आम्दानीको | ०.०५% |
| | **ण) प्रचलित कानून तथा प्रत्यायोजित अधिकार बमोजिमका अन्य सिफारिस वा प्रमाणित** | |
| | संस्थागत | ५००।– |
| | व्यक्तिगत | १००।– |
| | त) खानेपानी मुहान दर्ता सिफारिस | २५००।– |
| | थ) विद्युत रोयल्टी (कुल अम्दानीको) | १०% |
| | द) खानेपानी शुल्क (कुल अम्दानीको) | ५% |

| | | |
|---|---|---|
| | ध) वन पैदावार (कुल अम्दानीको) | १०% |
| | न) स्लेट खानी दस्तुर (कुल अम्दानीको) | १०% |
| | **चारकिल्ला प्रमाणित दस्तुर** | |
| | क) १ देखि १०० वर्ग मि. क्षेत्रफलको दस्तुर | ५००।– |
| | ख) १०० वर्ग मि. भन्दा माथि प्रति १०० वर्ग मि. को थप दस्तुर | ५०।– |
| | **घर नक्सा पास सम्बन्धी** | |
| | स्थानिय बजार क्षेत्र | |
| | **मूल सडक छेउ** | |
| | भवन प्रति वर्ग फिटको | ४।– |
| | भवनको तला थप्न प्रति तला | १५००।– |
| | **शाखा सडक** | |
| | भित्रका भवनको प्रति वर्ग फिटको | २.५०।– |
| | भवनको तला थप्न प्रति तला | ७५०।– |
| | **अन्य बस्तीक्षेत्र** | |
| | भवन प्रति वर्ग फिटको | २।– |
| | भवनको तला थप्न प्रति तला | ५००।– |
| | **योजना निर्माण वा कार्य सम्पन्न सिफारिस** | |
| | क) १ लाख सम्मको लागि | ५००।– |
| | ख) ५ लाख सम्मको लागि | ७००।– |
| | ग) १० लाख सम्मको लागि | १०००।– |
| | घ) २० लाख सम्मको लागि | २०००।– |
| | ङ) २० लाख भन्दा माथि प्रति १० लाखको | १०००।– |
| | च) बैंक खाता सञ्चालन सिफारिस दस्तुर | ५००।– |
| | **संघ संस्था दर्ता सिफारिस** | २०००।– |
| | **संघ संस्था नविकरण दस्तुर** | १०००।– |
| | **घरजग्गा मूल्याङ्कन** | |
| | क) विद्यार्थीको लागि (१ करोड भन्दा कमको लागि) | २०००।– |
| | ख) अन्य व्यक्तिको हकमा प्रति करोड | ५०००।– |
| | ग) र दुवैको हकमा थप प्रति करोड | १०००।– |
| | **व्यवसायिक संघ संस्था दर्ता सिफारिस** | |
| | क) तीन लाख रुपैंया सम्मको वार्षिक कारोवार गर्ने व्यवसायी | २००।– |

| | | |
|---|---|---|
| | ख) पाँच लाख देखि दश लाख सम्मको वार्षिक कारोवार गर्ने व्यवसायी | ५००।– |
| | ग) दश लाख रुपैंया भन्दा माथिको वार्षिक कारोवार गर्ने व्यवसायी | १०००।– |

## अनुसूची -११
(दफा १२ सँग सम्बन्धीत)

### गाउँपालिकाले लगाउने पर्यटन शुल्क

| सि.नं. | पर्यटकको प्रकार | शुल्कको दर |
|---|---|---|
| १ | आन्तरिक पर्यटक | १००।– |
| २ | आन्तरिक पर्यटक (विद्यार्थी/बालबालिका/जेष्ठ/नागरिक/अपाङ्ग) | ५०।– |
| ३ | बाह्य पर्यटक | ५००।– |